# भन्सार राजस्व तथा अन्य राजस्वको प्रवृत्ति विश्लेषण तथा अनुमान विधि



✍ डमरू बल्लभ पौडेल*

## १. बिषय प्रवेश

नेपालको आर्थिक बिकासका लागि आन्तरिक राजस्व परिचालन नै प्रमुख स्रोत हो। जनताका असिमित आकांक्षा परिपूर्ति गर्दै समावेशी आर्थिक बिकास गर्नका लागि स्रोतको ठूलो आबश्यकता रहेको छ। भविष्यमा आवश्यक पर्ने स्रोतको जोहो गर्न समयमै सजग हुनुपर्दछ। यसका लागि बिगतको राजस्वको प्रबृत्ति विश्लेषण गरी बर्तमानको लक्ष्य प्राप्तीमा सहयोग हुने तथा भविष्यको योजना गर्न सजिलो पर्दछ। हाम्रो देशको राजस्वको संरचना कस्तो छ ? कूल राजस्वमा कुन राजस्वको योगदान कस्तो छ ? समयक्रममा कुन राजस्व कसरी घटबढ भइरहेको छ ? राजस्व नीति निर्माण गर्दा नीति निर्माताहरुले कुन क्षेत्रलाई प्राथमिकता दिनु आवश्यक छ ? भनी निक्योंल गर्न राजस्व असुलीको बिभिन्न कोणबाट विश्लेषण गर्नु जरुरी हुन्छ। समय प्रवृत्ति विश्लेषण (Time Trend Analysis) बाट बिगतको राजस्वको उतार चढावका आधारमा अन्य कुराहरु यथावत् रहेको स्थितिमा भावी राजस्वको बृद्धि कसरी हुनसक्छ भनी अनुमान लगाउन सकिन्छ। यसैगरी करको लचकता (Tax Buyoncy), प्रभावकारी करको दर (Effective Tax Rate) तथा समष्टिगत मोडेलिङ्ग (Macro Modeling) का आधारमा पनि राजस्वको अनुमान गर्ने गरिएको देखिन्छ। प्रवृत्ति विश्लेषण र प्रभावकारी करको दरको आधारमा गरिने विश्लेषण सबैले बुझ्ने सरल तरिका हो भने अन्य बिधिहरु प्रयोग गर्न केही बिशेष ज्ञानको जरुरी पर्दछ। करको लचकता निकालेर गरिने विश्लेषण वा समष्टिगत मोडेलका आधारमा गरिने विश्लेषण गर्न Econometrics को ज्ञान हुनु जरुरी छ। जे होस्, नेपालको राजस्वको बिगतको स्थिति, कर तथा गैरकर राजस्वको प्रवृत्ति, कर राजस्वको संरचना र बिशेष गरी भन्सार महसुलको बिगतको स्थिति, वर्तमानको लक्ष्य तथा भविष्यमा कसरी अनुमान गर्ने भन्ने सन्दर्भमा यहाँ चर्चा गर्न खोजिएको हो।

## २. आयब्ययको संरचना

नेपालको सालबसाली बजेटमा चालु तथा पूँजिगत खर्च र साँवा तथा ब्याज भुक्तानी गर्दा हुने कूल खर्च जुटाउन राजस्व, बैदेशिक अनुदान, बैदेशिक ऋण तथा आन्तरिक ऋणलाई स्रोतकोरुपमा लिने गरिएको छ। आन्तरिक ऋण तथा बैदेशिक ऋणको साँवा तथा ब्याज प्रत्येक बर्षको बजेटमा नै व्यवस्था गरी तिर्नुपर्ने र यिनीहरुको बोझ दीर्घकालीन हुने हुँदा तथा बैदेशिक अनुदान दाताहरुको स्वेच्छामा भरपर्ने भएकोले यी स्रोतहरु आर्थिक आत्मनिर्भरताको लागि भरपर्दा स्रोत होइनन्। तसर्थ, राष्ट्रको लागि सबैभन्दा भरपर्दो स्रोत भनेको राजस्व परिचालन नै हो। बिगतका केही बर्षहरुको नेपाल सरकारको आयब्ययको स्थितिको यहाँ चर्चा गर्नु सान्दर्भिक देखिन्छ।

*शाखा अधिकृत, अर्थ मन्त्रालय

### तालिका १: नेपाल सरकारको ५ बर्षको आय ब्ययको बिवरण (रु. करोडमा)

| बिवरण | आर्थिक बर्ष २०६१/६२ | आर्थिक बर्ष २०६२/६३ | आर्थिक बर्ष २०६३/६४ | आर्थिक बर्ष २०६४/६५* | आर्थिक बर्ष २०६५/६६** |
|---|---|---|---|---|---|
| कूल खर्च | १०२५६.०५ | ११०८८.९२ | १३३६०.४६ | १६३३१.३० | २३६०१.५९ |
| राजस्व | ७०१२.२७ | ७२२८.२१ | ८७७१.२१ | १०७५४.६५ | १४१७२.२१ |
| कुल खर्चमा राजस्वको अंश (%) | ६८.३७ | ६५.१८ | ६५.६५ | ६५.८५ | ६०.०५ |
| वैदेशिक अनुदान | १४३९.१२ | १३८२.७५ | १५८०.०८ | २२७३.५३ | ४७०९.३२ |
| कुल खर्चमा बैदेशिक अनुदानको अंश (%) | १४.०३ | १२.४७ | ११.८३ | १३.९२ | १९.९५ |
| वैदेशिक ऋण | ९२६.६१ | ८२१.४३ | १००५.३५ | ११३२.५५ | १८७०.०६ |
| कुल खर्चमा बैदेशिक ऋणको अंश (%) | ९.०३ | ७.४१ | ७.५२ | ६.९३ | ७.९२ |
| आन्तरिक ऋण | ८९३.८१ | ११८३.४२ | १७८९.२३ | २०५०.०० | २५००.०० |
| कुल खर्चमा आन्तरिक ऋणको अंश (%) | ८.७१ | १०.६७ | १३.३९ | १२.५५ | १०.५९ |
| नगद मौज्दातमा परिवर्तन | १५.७६ | -४७३.११ | -२१४.५९ | -१२०.५७ | -३५०.०० |

* *संशोधित अनुमान,* ** *प्रारम्भिक अनुमान , स्रोत: बिभिन्न बर्षका बजेट बक्तब्यहरु, अर्थमन्त्रालय*

तालिका १ मा प्रस्तुत बिगत बर्षहरुको तथ्यांक अनुसार कुल खर्चमा राजस्वको अंश सबैभन्दा भारी छ। आन्तरिक स्रोतले पूरै खर्च धानेको नदेखिएता पनि खर्चको ६५ देखि ६८ प्रतिशत भाग राजस्वले पूर्ती गरेको छ। चालु बर्षको अनुमानमा खर्चमा राजस्वको अंश ६० प्रतिशत रहेको छ। बिगतका ४ बर्षमा बैदेशिक अनुदानले ११ देखि १४ प्रतिशत खर्च धान्ने गरेकोमा चालु आर्थिक बर्षमा यसले २० प्रतिशत खर्च बेहोर्नुपर्ने गरी अनुमान गरिएको छ। यसैगरी, कूल खर्चमा बैदेशिक ऋणको अंश ६ देखि ९ प्रतिशत तथा आन्तरिक ऋणको अंश ८ देखि १३ प्रतिशत रहेको छ।

## ३. कर र गैरकर राजस्वको संरचना

आर्थिक वर्ष २०५१।५२ देखि आर्थिक वर्ष २०६१।६२ सम्म ५/५ वर्ष र त्यसपछिका २ बर्षको कर तथा गैरकरको स्थिति हेर्दा कूल राजस्वमा कर राजस्वको अंश ७७ देखि ८३ प्रतिशतसम्म रहेको छ भने गैरकर राजस्वको अंश १७ प्रतिशत देखि २३ प्रतिशतसम्म रहेको देखिन्छ। यसको बिवरण तालिका ४ मा प्रस्तुत छ।

### तालिका २ : बिभिन्न आर्थिक बर्षमा कर र गैरकर राजस्वको स्थिति

(रु. करोडमा)

| आर्थिक बर्ष | कुल राजस्व | कर राजस्व | गैर कर राजस्व | कुल राजस्वमा कर राजस्वको अंश (प्रतिशतमा) | कूल राजस्वमा गैरकर राजस्वको अंश (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| २०५१/५२ | २४५७.५२ | १९६६.०० | ४९१.५२ | ८०.० | २०.० |
| २०५६/५७ | ४२८९.३८ | ३३१५.२१ | ९७४.१७ | ७७.३ | २२.७ |
| २०६१/६२ | ७०१२.२७ | ५४१०.४७ | १६०१.८० | ७७.२ | २२.८ |
| २०६३/६४ | ८७७१.२१ | ७१९७.३४ | १५३८.०६ | ८२.४ | १७.६ |
| २०६४/६५ | १०७५४.६५ | ८५०२.५३ | २२५२.११ | ७९.१ | २०.९ |

*स्रोत: बिभिन्न बर्षका आर्थिक सर्बेक्षणहरु, अर्थमन्त्रालय*

आर्थिक वर्ष २०६४।६५ को मात्र स्थिति हेर्दा कुल राजस्वमा कर राजस्वको अंश ७९.१ प्रतिशत तथा गैरकर राजस्वको अंक २०.९ प्रतिशत रहेको छ (तालिकां.२)। आर्थिक वर्ष २०५१।५२ मा पनि यो अनुपात ८०:२० रहेको थियो भने आर्थिक वर्ष २०६१।६२ मा कर राजस्वको अंश ७७.२ प्रतिशत र गैरकर राजस्वका अंश २२.८ प्रतिशत रहेको थियो।

## ४. प्रत्यक्षकर र अप्रत्यक्षकरको स्थिति

नेपालको सन्दर्भमा प्रत्यक्षकरतर्फ आयकर, घरजग्गावहालकर, ब्याजकर, रजिष्ट्रेशन दस्तुर र सवारी साधनकर रहेका छन् भने अप्रत्यक्ष करतर्फ भन्सार महशुल, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क रहेका छन्। आर्थिक वर्ष २०५१।५२ देखि २०६४।६५ सम्म बिभिन्न वर्षहरुको कुल कर राजस्वमा प्रत्यक्ष र अप्रत्यक्ष कर राजस्वका अंश नियाल्दा अघिल्ला वर्षहरुमाभन्दा पछिल्ला वर्षहरुमा प्रत्यक्षकरको अंश बढ्दै गएको देखिन्छ भने अप्रत्यक्षकरको अंश घट्दै गएको देखिन्छ। आर्थिक वर्ष २०५१।५२ मा कुल कर राजस्वमा प्रत्यक्ष करको अंश १४.५० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०५६।५७ मा २७.०० प्रतिशत, आर्थिक वर्ष २०६३।६४ मा २६.७० प्रतिशत तथा आर्थिक वर्ष २०६.४।६५ मा २७.१० प्रतिशत रहेको देखिन्छ। त्यसैगरी कर राजस्वमा अप्रत्यक्षकरको अंश आर्थिक वर्ष २०५१।५२ मा ८५.५० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०५६।५७ र २०६३।६४ मा ७३.०० प्रतिशत तथा आर्थिक वर्ष २०६४।६५ मा ७२.९० प्रतिशत रहेको छ (तालिकाः ३)।

**तालिका ३: बिभिन्न आर्थिक बर्षमा प्रत्यक्षकर र अप्रत्यक्षकरको स्थिति**

(रु. करोडमा)

| आर्थिक बर्ष | कुल कर राजस्व | प्रत्यक्षकर | अप्रत्यक्षकर | कर राजस्वमा प्रत्यक्षकरको अंश (प्रतिशतमा) | कर राजस्वमा अप्रत्यक्षकरको अंश (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| २०५१/५२ | १९६६.०० | २८५.५३ | १६८०.४७ | १४.५ | ८५.५ |
| २०५६/५७ | ३३१५.२१ | ८९५.१५ | २४२०.०६ | २७.० | ७३.० |
| २०६१/६२ | ५४१०.४७ | १३०७.१८ | ४१०३.२९ | २४.२ | ७५.८ |
| २०६३/६४ | ७११२.६७ | १८९८.०२ | ५२१४.६४ | २६.७ | ७३.३ |
| २०६४/६५ | ८५०२.५३ | २३००.६५ | ६२०१.८८ | २७.१ | ७२.९ |

*स्रोत: बिभिन्न बर्षका आर्थिक सर्बेक्षणहरु, अर्थमन्त्रालय*

## ५. राजस्वको प्रबृत्ति विश्लेषण


आर्थिक बर्ष २०६१/६२ देखि आर्थिक बर्ष २०६४/६५ सम्मको कर र गैरकर, बिभिन्न शीर्षक अनुसारको राजस्व र ती शीर्षक अन्तरगत पर्ने उपशीर्षकहरुको राजस्व असुलीको प्रबृत्ति प्रस्तुत गरिएको छ।

### (क) कर र गैरकर राजस्व असुलीको प्रबृत्ति

कर र गैरकर राजस्वतर्फको ४ वर्षको प्रवृत्ति चित्र नं. १ मा प्रस्तुत गरिएको छ। बिगत ४ वर्षको प्रवृत्ति नियाल्दा कर राजस्व बढ्दो प्रवृत्तिमा रहेको देखिन्छ भने गैरकर राजस्व आर्थिक वर्ष २०६१।६२ भन्दा आर्थिक वर्ष २०६२।६३ मा केही घटेको र त्यसपछिका आर्थिक बर्षहरुमा बढेको देखिएको छ। आर्थिक वर्ष २०६२।६३ मा ७.२ प्रतिशतले घटेको गैरकर राजस्व आर्थिक वर्ष २०६३।६४ मा ११. ६ प्रतिशतले बढेको तथा आर्थिक वर्ष २०६४।६५ मा ३५.८ प्रतिशतले बढेको देखिएको छ। कर राजस्वतर्फ आर्थिक वर्ष २०६२।६३ मा ६.१ प्रतिशत, आर्थिक वर्ष २०६३।६४ मा २३.९ प्रतिशत र आर्थिक वर्ष २०६४।६५ मा १९.५ प्रतिशतले वृद्धि भई आर्थिक वर्ष

२०६१।६२ को ५४ अर्ब १० करोडबाट ८५ अर्ब ३ करोड पुगेको छ ।


चित्र १: कर र गैरकर राजस्व असुलीको प्रवृत्ति




| | २०६१/६२ | २०६२/६३ | २०६३/६४ | २०६४/६५ |
|---|---|---|---|---|
| कर राजश्व | ५४१० | ५७४३ | ७११३ | ८५०३ |
| गैरकर राजश्व | १६०२ | १४८६ | १६५० | २२५२ |
| कुल राजश्व | ७०१२ | ७२२८ | ८७७१ | १०७५५ |

आर्थिक बर्ष अनुसार राजस्व

चित्र २: कर राजस्व अन्तरगतका बिभिन्न राजस्व असुलीको प्रबृत्ति




| | २०६१/६२ | २०६२/६३ | २०६३/६४ | २०६४/६५ |
|---|---|---|---|---|
| भंसार महसूल | १५७० | १५३४ | १६७१ | २१०३ |
| मूल्य अभिवृद्धि कर | १८८० | २१६१ | २६१० | २९७४ |
| अन्त:शुल्क | ६४५ | ६५१ | ९३४ | ११२४ |
| आयकर | १०४७ | १०९३ | १५७३ | १९०३ |
| रजिष्ट्रेशन दस्तूर | १८० | २१८ | २२५ | २९२ |
| सवारी साधन कर | ८१ | ८५ | १०० | १०६ |

आर्थिक बर्ष अनुसार राजस्व

*स्रोत: बिभिन्न बर्षका आर्थिक सर्बेक्षणहरु, अर्थमन्त्रालय*


यसैगरी कर राजस्व अन्तरगतका बिभिन्न राजस्वहरुको ४ बर्षको प्रबृत्ति चित्र नं: २ मा प्रस्तुत गरिएको छ। रजिष्ट्रेशन दस्तुर र सवारी साधनकरको बृद्धिको गति धिमा देखिएको भएतापनि अन्य करहरुमा मूल्य अभिबृद्धि करको बृद्धि सरल रेखामा समान गतिले भएको देखिएको छ भने अन्यको बृद्धि साधारण रहेको छ ( चित्र नं: २) ।

**(ख) भन्सार राजस्व असुलीको प्रबृत्ति**

भन्सार राजस्वको बिगत ४ बर्षको प्रवृत्ति र चालु बर्षको अनुमान चित्र नं. ३ मा प्रस्तुत गरिएको छ। भन्सार महशुल आर्थिक वर्ष २०६१।६२ मा १५ अर्ब ७० करोड रहेकोमा आर्थिक वर्ष २०६२।६२ मा २.३० प्रतिशतले घटी १५ अर्ब ३४ करोड कायम भयो । आर्थिक वर्ष २०६३।६४ मा ८.९ प्रतिशतले वृद्धि तथा आर्थिक वर्ष २०६४।६५ मा २५.९ प्रतिशतले वृद्धि भई २१ अर्ब ३ करोड हुन पुगेको छ। पैठारी महशुल आर्थिक वर्ष २०६२।६३ मा घटेको देखिन्छ भने भारतीय अन्त:शुल्क फिर्ता र अन्य राजस्व आर्थिक वर्ष २०६३।६४ मा घटेको देखिन्छ। निकासी भने आर्थिक वर्ष २०६२।६३ मा १०.४० प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०६३।६४ मा ११.८० प्रतिशतले बढ्न गई पुन: आर्थिक वर्ष २०६४।६५ मा ४०.३ प्रतिशतले घट्न गयो । यसरी निकासी घट्न जानुमा निकासी महशुल क्रमश: घटाउँदै लगिएको, निकासी हुने वस्तुहरु र निकासीसमेत घट्न गएको (जस्तै, वनस्पति घिउ) आदि कारणहरु रहेको देखिन्छ।

भन्सार महशुलमा ७८ प्रतिशतदेखि ८६ प्रतिशतसम्म योगदान गरेको देखिएको पैठारी महशुल नै भन्सार महशुलको प्रमुख उपशीर्षक हो। पैठारीको लक्ष्य पुगेमा भन्सार महशुलको लक्ष्य करीव पुग्ने गरेको देखिन्छ। चित्र ३ मा पैठारी महशुल बृद्धिको प्रबृत्ति र भन्सार महशुलबृद्धिको प्रबृति समान देखिन्छ। भारतीय अन्त:शुल्कफिर्ता आर्थिक बर्ष २०६२।६३ मा घटेको देखिएको छ भने कृषि सुधार शुल्क पछिल्ला ३ बर्षमा उल्लेख्य घट्दै गएको छ।

चित्र ३: भन्सार महशुलको बिगत ४ बर्षको असुली प्रबृत्ति र चालु बर्षको लक्ष्य




| | २०६१/६२ | २०६२/६३ | २०६३/६४ | २०६४/६५ | २०६५/६६ |
|---|---|---|---|---|---|
| कुल भन्सार महसुल | १५७०.१६ | १५३४.३७ | १६७०.७६ | २१०३.४६ | २६००.०० |
| पैठारी महसुल | १२२९.९१ | ११७४.४५ | १३६२.६१ | १७१२.०४ | २२३९.०० |
| भारतीय अन्त शुल्क फिर्ता | २१८.८३ | २३१.४४ | १८९.६६ | २९९.७१ | ३००.०० |
| निकासी महसुल | ६९.७७ | ६२.५२ | ६९.८६ | ४१.७३ | २५.०० |
| भन्सारको अन्य आय | ११.५५ | १२.०८ | ८.०३ | ११.३३ | १६.०० |
| कृषि सुधार शुल्क | ४०.१० | ५३.८८ | ४०.६१ | ३८.६५ | २०.०० |

आर्थिक बर्ष अनुसार भन्सार महशुल

*आर्थिक बर्ष २०६५।६६ को तथ्यांक प्रारम्भिक अनुमान हो ।*

*स्रोत: बिभिन्न बर्षका आर्थिक सर्बेक्षणहरु, बजेट बक्तब्य २०६५, अर्थमन्त्रालय*

आर्थिक बर्ष २०६५।६६ मा भन्सार महशुलको लक्ष्य रु. २६ अर्ब राखिएमा यसको करीव ८६ प्रतिशत हिस्सा पैठारी महशुलबाट, १२ प्रतिशत हिस्सा भारतीय अन्तःशुल्क फिर्ता प्राप्तीबाट र २ प्रतिशत हिस्सा निकासी मशशुल, भन्सारको अन्य आय तथा कृषि सुधार शुल्कसमेत गरीबाट उठाउने लक्ष्य छ। पैठारी महशुलको असुली लक्ष्य अनुरुप भएमा भन्सार महशुलको लक्ष्य पुग्न सजिलो पर्ने देखिन्छ।

**(ग) राजस्वको बृद्धिदर**

पछिल्ला तीन आर्थिक बर्षहरुको राजस्वको बृद्धिदर तल प्रस्तुत गरिएको छ। भन्सार महशुल आर्थिक बर्ष २०६२।६३ मा २.३ प्रतिशतले घटेको देखिएको छ भने त्यसपछि कमशः ८.९ प्रतिशत र २५.९ प्रतिशतले बढेको छ। आर्थिक बर्ष २०६५।६६ को भन्सार महशुल लक्ष्य अनुरुप नै असुली हुनलाई २३.६१ प्रतिशतको बृद्धि आबश्यक पर्दछ, जुन गत बर्षको हिसाबले हेर्दा स्वाभाविक देखिन्छ र कुल राजस्वको बृद्धि आर्थिक बर्ष २०६२।६३ मा ३.१ प्रतिशतबाट २१.३ प्रतिशत हुँदै आर्थिक बर्ष २०६४।६५ मा २२.६ प्रतिशत पुगेको छ। चालुबर्ष लक्ष्य अनुरुप असुली हुन ३१.७७ प्रतिशतको दरले बृद्धि हुनुपर्दछ।

**तालिका ४: अघिल्लो आर्थिक बर्षको तुलनामा राजस्वको बृद्धिदर (प्रतिशतमा)**

| कर शिर्षक | आर्थिक बर्ष २०६२/६३ | आर्थिक बर्ष २०६३/६४ | आर्थिक बर्ष २०६४/६५ |
|---|---|---|---|
| भंसार महशुल | -२.३ | ८.९ | २५.९ |
| मूल्य अभिबृद्धि कर | १४.४ | २०.७ | १४.० |
| अन्तःशुल्क | ०.९ | ४३.६ | २०.३ |
| आयकर | ४.५ | ४३.९ | २०.९ |
| रजिष्ट्रेशन दस्तुर | २१.२ | ३.४ | २९.६ |
| सवारी साधन कर | ५.१ | १७.४ | ६.६ |
| जम्मा कर राजस्व | ६.१ | २३.९ | १९.५ |
| जम्मा गैरकर राजस्व | -७.२ | ११.६ | ३५.८ |
| कूल राजस्व | ३.१ | २१.३ | २२.६ |

*स्रोत: बिभिन्न बर्षका आर्थिक सर्वेक्षणहरु, अर्थमन्त्रालय*

तालिका ४ अनुसार अन्य राजस्वहरुमा आर्थिक बर्ष २०६२।६३ मा गैरकर राजस्वको बृद्धिदर ७.२ प्रतिशतले नकारात्मक रहेको छ भने अन्य शीर्षकहरुको बृद्धिदर सकारात्मक नै छ भने मूल्य अभिबृद्धि कर समान प्रकृतिले बृद्धि हुँदै गएको देखिएको छ।

**(घ) कूल गार्हस्थ उत्पादनमा बिभिन्न राजस्वको अंश**

आर्थिक वर्ष २०६१।६२ मा उत्पादन मूल्यको कुल गार्हस्थ उत्पादनमा कुल राजस्वको अंश ११.९० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२।६३ मा, ११.०५ प्रतिशत, आर्थिक वर्ष २०६३।६४ मा, १२.०६ प्रतिशत तथा आर्थिक वर्ष २०६४।६५ मा १३.१० प्रतिशत रहेको छ। प्रत्येक वर्ष कुल गार्हस्थ उत्पादनमा कुल राजस्वको अंश वृद्धि हुँदै गएको अवस्थालाई नेपाली अर्थतन्त्रमा सकारात्मक संकेतको रुपमा लिनुपर्ने देखिन्छ। भन्सारतर्फको राजस्व कुल गार्हस्थ उत्पादनमा करिब २.५० प्रशितको हाराहारीमा रहेको छ भने मूल्य अभिवृद्धि कर ३.०० देखि ४.०० प्रतिशतमा, अन्तःशुल्क १.०० प्रतिशतको हाराहारीमा, करतर्फ १.०० देखि २.५० प्रतिशतको हाराहारीमा, रजिष्ट्रेशन दस्तुर र सवारी साधन कर दुबै गरी १.०० प्रतिशतभन्दा कम रहेको देखिन्छ। कर राजस्वको अंश कूल गार्हस्थ उत्पादनमा ८.०० देखि १०.०० प्रतिशत रहेको र गैरकर राजस्वको अंश २.०० देखि ३.०० प्रतिशत रहेको देखिन्छ (तालिका ५)।

### तालिका ५: कुल गार्हस्थ उत्पादनमा बिभिन्न राजस्वको अंश

| उत्पादन मूल्यको कुल गार्हस्थ उत्पादनमा अंश (प्रतिशतमा) | | | | |
|---|---|---|---|---|
| कर शिर्षक | आर्थिक बर्ष २०६१/६२ | आर्थिक बर्ष २०६२/६३ | आर्थिक बर्ष २०६३/६४ | आर्थिक बर्ष २०६४/६५ |
| भंसार महशुल | २.६६ | २.३५ | २.३० | २.५६ |
| मूल्य अभिबृद्धि कर | ३.२० | ३.३० | ३.५९ | ३.६२ |
| अन्त:शुल्क | १.०९ | ०.९९ | १.२९ | १.३७ |
| आयकर | १.७८ | १.६७ | २.१६ | २.३२ |
| रजिष्ट्रेशन दस्तुर | ०.३१ | ०.३३ | ०.३१ | ०.३६ |
| सवारी साधन कर | ०.१४ | ०.१३ | ०.१४ | ०.१३ |
| जम्मा कर राजस्व | ९.१८ | ८.७८ | ९.७८ | १०.३६ |
| जम्मा गैर कर राजस्व | २.७२ | २.२७ | २.२८ | २.७४ |
| कूल राजस्व | ११.९० | ११.०५ | १२.०६ | १३.१० |

*स्रोत: बिभिन्न बर्षका आर्थिक सर्बेक्षणहरु, अर्थमन्त्रालय*

## ६. भन्सार महसुल अनुमान बिधि

राजस्व अनुमान गर्नु बिशिष्ट प्रकृतिको कला भएकोले यसको अनुमान गर्न प्रशस्त ज्ञान, सीप, कौसल र विश्लेषणको आवश्यकता पर्दछ। राजस्व अनुमान गर्ने बिभिन्न बिधिहरु छन्। अन्य राजस्व तथा भन्सार राजस्व दुबै अनुमान गर्ने बिधिहरु समान भएकोले यहाँ भन्सार राजस्व अनुमान गर्ने तरिका संक्षिप्तमा उल्लेख गरिएको छ।

**(क) प्रबृत्ति विश्लेषण** (Trend Analysis)

यस बिधि अनुसार भन्सार राजस्वको अनुमान गर्दा बिगत बर्षहरुको वास्तबिक संकलित भन्सार राजस्वको तथ्यांकको आधारमा औसत बृद्धिदर निकालिन्छ र यही प्रबृत्तिमा बृद्धिहुने अनुमान गरी चालु आर्थिक बर्षको संशोधित अनुमानमा औसत बृद्धिदर लगाएर आगामी बर्षको राजस्व अनुमान गरिन्छ। बिभिन्न कारणहरुले सकारात्मक तथा नकारात्मक उतार चढावहरु नभएको साधारण अवस्थामा यो बिधिबाट अनुमान गरेको राजस्व ठीकै हुन्छ तर अर्थतन्त्रमा बिभिन्न झट्काहरुको कारण ठूलो उतारचढाव आएका बर्षहरु धेरै रहेछन् भने केही फरक पर्न सक्दछ।

**(ख) कुल गार्हस्थ उत्पादनको अनुपात** (Ration in GDP)

यस बिधि अनुसार भन्सार राजस्वको अनुमान गर्दा बिगत बर्षहरुको वास्तबिक संकलित भन्सार राजस्वको कुल गार्हस्थ उत्पादनको अनुपात हेरिन्छ। नेपाल राष्ट्र बैंक, राष्टिय योजना आयोगजस्ता निकायहरुले आगामी बर्षको कुल गार्हस्थ उत्पादनको अनुमान गर्ने गरेका छन्। सोही अनुमानलाई आधार मानी कुल गार्हस्थ उत्पादनमा भन्सार राजस्वको औसत अनुपातका आधारमा आगामी बर्षको भन्सार महशुल अनुमान गर्न सकिन्छ।

**(ग) प्रभावकारी भन्सार दर** (Effictive Customs Duty)

यस बिधि अनुसार भन्सार राजस्वको अनुमान गर्दा सर्वप्रथम प्रभावकारी भन्सार दर निकाल्नु पर्दछ। जस्तै: पैठारी महशुललाई कुल पैठारीले भाग गरी प्रतिशतमा निकालिने अंक नै प्रभावकारी पैठारी दर हो। यसरी निकालिएको प्रभावकारी पैठारी दरले आगामी बर्षको अनुमानित कुल पैठारीलाई गुणन गर्दा अनुमानित पैठारी महशुल प्राप्त हुन्छ।

**(घ) करको लचकता** (Tax Elasticity or Tax Buyoncy)

माथिका ३ वटा बिधिभन्दा यो बढी बिश्वसनीय र बैज्ञानिक बिधि मानिन्छ। यस बिधिबाट भन्सार राजस्वको अनुमान गर्नुभन्दा पहिला करको लचकता निकाल्नु पर्दछ। करको लचकता २ प्रकारका हुन्छन्: Elasticy र Buyoncy.

- भन्सार महशुलको कर लचकता (Elasticity of Custom Duty) निकाल्न कर परिवर्तन तथा प्रशासनिक सुधारबाट प्राप्त हुने भन्सार महशुल समायोजन गरी निम्नानुसारको शुत्रानुसार गणना गरिन्छ।

$$\text{Elasticity of Custom Duty} = \frac{C^*/C^*}{\Delta GDP/GDP}$$

यहाँ $\Delta C^*$ = कर परिबर्तन <u>तथा प्रशासनिक</u> सुधारबाट प्राप्त भन्सार महशुल समायोजित भन्सार महशुलमा भएको बृद्धि

$C^*$ = कर परिबर्तन तथा प्रशासनिक सुधारबाट प्राप्त भन्सार महशुल समायोजित भन्सार महशुल

$\Delta GDP$ = कुल गार्हस्थ उत्पादनमा भएको बृद्धि

GDP = कुल गार्हस्थ उत्पादन

- भन्सार महशुलको कर लचकता (Buyoncy of Custom Duty) निकाल्न कर परिवर्तन तथा प्रशासनिक सुधारबाट प्राप्तहुने भन्सार महशुलमा कुनै समायोजन आवश्यक छैन। असुली भएको भन्सार महसुलमा निम्न शुत्रानुसार गणना गरिन्छ।

$$\text{Buyoncy of Custom Duty} = \frac{\Delta C/C}{\Delta GDP/GDP}$$

यहाँ $\Delta C$ = भन्सार महशुलमा भएको बृद्धि

C = भन्सार महशुल

कुल गार्हस्थ उत्पादनमा भएको बृद्धिले भन्सार महशुलमा ल्याउने बृद्धिको गणना गर्न गार्हस्थ उत्पादनको कर लचकता बिधि अपनाउने गरिन्छ। यस बिधि अनुसार करको लचकता पत्ता लगाउन निम्नानुसारको समिकरणको प्रयोग गरिन्छ।

$\log Ct = a + b \log GDPt + ut$ .....................................................(1)

यहाँ Ct ले त समयको भन्सार महशुल, GDPt ले त समयको कुल गार्हस्थ उत्पादन र a ले स्थिरराशी र b ले भन्सार महशुलको लचकता (b=elasticity or buoyancy coefficient) तथा गत ले यो मोडलमा छुटेका अन्य चलहरुलाई जनाउछ। माथि उल्लेखित समिकरणलाई ३० देखि ४० बर्षको भन्सार महशुलको तथ्यांक लिएर Ordinary Least Square Method को प्रयोग तथा STATA, SPSS, EVIEWS, MATLAB वा अन्य कुनै Software को प्रयोग गरी करको लचकता निकालिन्छ। ब्यवहारमा elasticity भन्दा buyoncy ले राम्रो अनुमान दिने हुँदा नेपालको सन्दर्भमा buyoncy प्रयोग गर्ने गरिएको छ। यसरी buyoncy निकालिसकेपछि निम्नानुसार अनुमानित भन्सार महसुल निकालिन्छ।

अनुमानित भन्सार महशुल = गत बर्षको भन्सार महशुल (१+GDP को अनुमानित बृद्धिदर x भन्सार महशुलको

Buyoncy) बिभिन्न अध्ययनहरुले नेपालको सन्दर्भमा बिभिन्न राजस्वहरुको buyoncy निकालेको पाइन्छ। सोही दगथयलअथ को प्रयोग गरेर पनि भन्सार महशुलको अनुमान गर्न सकिन्छ। बिभिन्न अध्ययनको निष्कर्षस्वरुप निकालिएको भन्सार महशुलको elascity 0.54 र buyoncy 1.07 रहेको पाइएको छ।

माथिका बिभिन्न तरिकाबाट भन्सार महशुलको अनुमान गरिने गरिन्छ। हाम्रो देशमा राजस्व अनुमानका बिगतका बर्षहरुको अनुभवको आधारमा हेर्दा यसरी गरिएको अनुमान कतिको यथार्थपरक हुनसक्छ भनी भन्सार बिभाग र अर्थ मन्त्रालय राजस्व महाशाखाकाबीच पटक पटक छलफल गरिने, अन्तरराष्ट्रिय मुद्राकोषसँग छलफल गरिने र उच्च तहबाट हुने निर्देशनसमेतको आधारमा केही परिमार्जन गरी भन्सार महशुलको अनुमान तयार गरिन्छ। परिबर्तन गरिने भन्सार दरबन्दी तथा गर्न लागिएका प्रशासनिक सुधारहरुलाईसमेत मध्यनजर राखी यसलाई तलको ढाँचामा छुट्याई अन्तिमरुप दिने गरिएको छ। आर्थिक बर्ष २०६५।६६ मा माथिका यिनै बिधिहरुको प्रयोग गरी भन्सार राजस्व अनुमान तयार गरिएको थियो र यसलाई निम्नानुसार उपशीर्षकहरुमा बिभाजन गरिएको थियो।

**तालिका ६: आर्थिक बर्ष २०६५।६६ को भन्सार महसुलको लक्ष्य**

*रु.हजारमा*

| संकेत संख्या | शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तन | प्रशासनिक सुधारबाट | जम्मा |
|---|---|---|---|---|---|
| १.१.०१.०० | बैदेशिक व्यापारमा आधारित वस्तुगत कर | २४१६१५४५ | २११५४५ | १८३८४५५ | २६०००००० |
| १.१.०१.१० | पैठारी महसुल | २०५५१५४५ | २११५४५ | १८३८४५५ | २२३९०००० |
| १.१.०१.३० | भारतीय अन्तःशुल्क फिर्ता | ३०००००० | ० | ० | ३०००००० |
| १.१.०१.४० | निकासी महसुल | २५०००० | ० | ० | २५०००० |
| १.१.०१.६० | भन्सारको अन्य आय | १६०००० | ० | ० | १६०००० |
| १.१.०१.७० | कृषि सुधार शुल्क | २००००० | ० | ० | २००००० |

*स्रोतः भन्सार बिभागको तथ्यांकको आधारमा बजेट बक्तब्यमा अनुमानित तथ्यांकलाई अन्तरराट्रिय मुद्राकोषको लागि तयार गरिएको।*

अन्य राजस्वहरुको अनुमान पनि माथि उल्लेख गरिएका बिधिहरु नै प्रयोग गरी गर्ने गरिन्छ। भन्सार महशुललाई बढी केन्द्रीत गर्ने सन्दर्भमा ती अनुमानलाई यहाँ उल्लेख गरिएको छैन। भन्सार महशुल अनुमान गर्दाको पुष्ट्याई तल प्रस्तुत गरिएको छ।

**(७) आर्थिक बर्ष २०६५।६६ मा भन्सार महशुल अनुमान गर्दा लिइएका आधारहरू**

(१) केन्द्रीय तथ्यांक बिभागका अनुसार, आर्थिक बर्ष २०६३।६४ को चालु मूल्यको संशोधित कुल गार्हस्थ उत्पादन (GDP) रु.७,२७,०८ करोड र कुल गार्हस्थ उत्पादन बृद्धिदर ११.१७ प्रतिशत तथा आर्थिक बर्ष २०६४।६५ को चालु मूल्यको अनुमानित कुल गार्हस्थ उत्पादन रु.८,२०,८१ करोड र कुल गार्हस्थ उत्पादन बृद्धिदर १२.८९ प्रतिशत रहेको थियो। आर्थिक बर्ष २०६५।६६ मा अनुमानित बृद्धिदर १३ प्रतिशत मानेर गणना गर्दा चालु मूल्यको अनुमानित GDP रु.९ खर्ब २७ अर्ब ५२ करोड हुनजान्छ। यदि भन्सारबाट हुने चोरी पैठारी केही मात्रामा भएपनि नियन्त्रण गर्ने र GDP को करीव ४० प्रतिशतको हाराहारीमा रहेको छायाँ अर्थतन्त्रमध्ये प्रशासनिक प्रयासबाट करीव १० प्रतिशतमात्र भएपनि GDP मा ल्याउने हो भने आर्थिक बर्ष २०६५।६६ मा यसको आकार बढ्ने भई अनुमानित GDP रु १०,२०,२७ करोड हुनजाने अनुमानका आधारमा माथि उल्लेख भएअनुसार छायाँ अर्थतन्त्रको केही भाग GDP मा ल्याउदा हुने अनुमानित GDP रु १० खर्ब २० अर्ब २७ करोड आर्थिक बर्ष २०६४।६५ को अनुमानित GDP रु.८ खर्ब २० अर्ब ८१ करोडको तुलनामा चालु मूल्यमा २४.३ प्रतिशतको बृद्धि हो।

(२) आर्थिक बर्ष २०६४।६५ को भन्सार महसुल शीर्षकमा रु २१ अर्ब ३ करोड संकलन भएको थियो। चालु मूल्यमा आर्थिक बर्ष २०६५।६६ मा हुने GDP को अनुमानित बृद्धिदर (२४.३ प्रतिशत) र भन्सार महशुलको GDP १.०७ रहेको

आधारमा आगामी बर्षको प्रक्षेपित भन्सार महशुल रु.२६ अर्ब ५० करोड हुन्छ । छलफलको आधारमा यसमा संशोधन गरी भन्सार महशुल राजस्व रु.२६ अर्ब हुने अनुमान गरी भन्सार महशुल अन्तरगतका बिभिन्न उपशीर्षकहरुको बिभाजन निम्नानुसनार गरिएको थियो ।

(क) पैठारी महशुलः भन्सार बिभागका अनुसार आर्थिक बर्ष २०६३।६४ मा चालु मूल्यको कुल आयात रु.२ खर्ब १३ अर्ब ९२ करोड रहेकोमध्ये सुविधामा गरिएको आयात (Duty Free Import) रु ५५ अर्ब २७ करोड रहेको तथा आयात महशुल लाग्ने आयात रु.१ खर्ब ५८ अर्ब ३४ करोड रहेको थियो । आर्थिक बर्ष २०६३।६४ को आयात महशुल रु.१४ अर्ब ०९ करोड भएकोले यस आर्थिक बर्षको प्रभावकारी पैठारी दर ८.९ प्रतिशत रहेको छ । आर्थिक बर्ष २०६४।६५ मा आयातको बृद्धिदर १७.२८ प्रतिशत रहेकोले आयात महशुल लाग्ने आयात रु.१ खर्ब ८५ अर्ब ७० करोड हुन जान्छ। आर्थिक बर्ष २०६५।६६ मा पनि यही दर कायम भए आयात महशुल लाग्ने प्रक्षेपित आयात रु.२ खर्ब १७ अर्ब ७८ करोड हुने र चोरी पैठारी नियन्त्रण गर्न सकिएमा करीब १५ प्रतिशत (अनुमानित चोरी पैठारी करीव ३० प्रतिशत रहेको आधार लिँदा) मात्र करको दायरामा ल्याउनसके अनुमानित आयात रु. २ खर्ब ५० करोड ४४ करोड हुने भएकोले यसलाई प्रभावकारी पैठारी दर ८.९ प्रतिशतले गुणन गर्दा हुने प्रक्षेपित पैठारी महशुल रु. २२,२९ करोड हुनजान्छ । यसलाई सामान्य संशोधन गरी रु.२२, ३९ करोड हुने अनुमान गरिएको थियो ।

(ख) निकासी महशुल आर्थिक बर्ष २०६४।६५ को असूली, बनस्पति घिउको निकासी दर शून्य गरिएको, बिभिन्न बस्तुहरुको निकासी घट्दै गएकोसमेत आधारमा आर्थिक बर्ष २०६५।६६ को लागि रु.२५ करोड अनुमान गरिएको थियो।

(ग) भारतीय अन्तशुल्क फिर्ता रु. ३ अर्ब , कृषि सुधार शुल्क रु. २० करोड र भन्सारको अन्य आय रु. १६ करोडसमेत गरी जम्मा भन्सारतर्फको राजस्व अनुमान रु.२६ अर्ब हुने अनुमान गरिएको थियो ।

(घ) भन्सार बिभागबाट पुष्ट्याई प्राप्त गरी कुल भन्सार राजस्वलाई बर्तमान स्रोतबाट प्राप्त हुने, कर परिबर्तनबाट प्राप्त हुने र प्रशासनिक सुधारबाट हुने गरी बिभाजन गरिएको थियो ।

## (८) उपसंहार

आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने हो भने राजस्व परिचालनमा बृद्धि गरी आन्तरिक तथा बाह्य ऋणमाथिको निर्भरता कम गर्नुको बिकल्प छैन । कुल खर्चको दुई तिहाइभन्दा बढी बेहोर्ने दीगो स्रोतलाई समयानुसार आर्थिक क्रियाकलापसँग आबद्ध गर्दै लैजानुपर्दछ । आन्तरिक स्रोतमा प्रत्यक्षकरहरुको हिस्सा बिगतको तुलनामा बृद्धि हुँदै जानु नेपाली अर्थतन्त्रका लागि सकारात्मक सूचकांक हो । पछिल्ला बर्षहरुमा राजस्वको बृद्धिदर राम्रै रहनु र कुल गार्हस्थ उत्पादनमा राजस्वको अंश १३ प्रतिशतको हाराहारीमा रहनु पनि खुसीको कुरा हो । तर यसमा अझै प्रशस्त बृद्धिका संभावनाहरु त्यत्तिकै मात्रामा रहेका छन् ।

बिश्व ब्यापार संघसँग नेपालले गरेका प्रतिबद्धता अनुरुप भन्सार महशुलमा कमशः समायोजन गर्दै लैजानुपर्ने र यसबाट भन्सार दरबन्दी कटौती भई भन्सार राजस्व घट्न जाने खतरा रहेको सन्दर्भमा मूल्य अभिबृद्धि करलाई कर राजस्वको मूख्य आधार बनाउनुपर्ने भएता पनि भन्सार महशुललाई पनि चोरी पैठारी नियन्त्रण, मूल्याङ्कन पद्धतिमा सुधार, जाँचपासपछिको परिक्षणमा जोड दिंदै तथा भन्सार प्रसाशनलाई अत्याधुनिक, साधन सम्पन्न र ब्यवसयिक बनाएर भन्सार राजस्वमा उल्लेख्य बृद्धि गर्ने सम्भावनालाई नकार्न मिल्दैन । भन्सार महशुलको प्रबृत्तिको विश्लेषण गर्दा पैठारी महशुल र भन्सार मशसुल समान गतिले बृद्धि हुँने देखिएकोले भन्सार महशुलमा बृद्धि गर्न पैठारी महशुलमा ध्यान दिनुपर्दछ। बिगतको राजस्वको सानो आकारलाई समयानुकूल ठूलो बनाउदै लैजाने चुनौती रहेको सन्दर्भमा भन्सार राजस्वको यथार्थपरक विश्लेषण गरी सोही अनुरुप अनुमान गर्नुपर्ने र कुल राजस्वमा रहेको करीव २० प्रतिशतको हिस्सालाई आगामी दिनमा घट्न नदिनेतर्फ बिशेष चनाखो हुनु भन्सार प्रशासनका लागि चुनौतिपूर्ण देखिन्छ । राजस्व चुहावट निगरानी गरी भन्सार नाका बाहिरबाट हुने कारोबारको ठूलो हिस्सालाई भन्सार नाकाबाट हुन प्रोत्साहित गर्ने र समयानुकूल नीति र कार्यप्रणालीमा सुधार गरी विकासको लागि राष्ट्रलाई चाहिने आर्थिक स्रोत जुटाउन भन्सार महसुलको उल्लेख्य भूमिका हुने कुरालाई मनन् गर्दै बैदेशिक परनिर्भरता कम गरी स्वावलम्वी अर्थतन्त्र निर्माण गर्ने दिशामा भन्सार महसुललाई महत्वपूर्ण स्रोतको रुपमा परिचालन गर्नु आजको अपरिहार्य आवश्यकता हो ।

# विषय सूची


| सि.नं. | विषय | लेखक | पेज नं. |
|---|---|---|---|
| १. | वर्तमान राजस्व नीतिको कार्यान्वयन : उपलब्धि र चुनौतीहरू | कृष्णहरि वास्कोटा | १ |
| २. | Customs and the environment : Protecting our Natural Heritage | Ramchandra Man Singh | ५ |
| ३. | नेपालमा भन्सार महसुल दरबन्धी | रविराज पन्त | ९ |
| ४. | आशिकुडाको विकल्पको रूपमा कोरियाको युनिपास प्रणाली : एक समीक्षा | शंकरप्रसाद अधिकारी | १६ |
| ५. | राजस्व परामर्श समिति, २०६५ ले दिएका भन्सार सम्बन्धी सुझावहरू र कार्यान्वयन स्थिति : एक समीक्षा | शान्तराज सुवेदी | २५ |
| ६. | राजस्व चुहावट तथा आर्थिक अपराध नियन्त्रणमा राजस्व अनुसन्धान विभागको प्रभावकारिता | महेशप्रसाद दाहाल | ३४ |
| ७. | सुदृढ भन्सार प्रशासन : आजको आवश्यकता | सुरेन्द्रवीर मालाकार | ४१ |
| ८. | नेपालको भन्सार प्रशासनमा सदाचार | डिल्ली प्रकाश घिमिरे | ४३ |
| ९. | Customs Modernization Programme | Mr. Ron McGrath | ४८ |
| १०. | Reform and Modernization in TIA Customs | Mukti Narayan Poudel | ५० |
| ११. | ICD/DRY Ports in Nepal | Sarad Bikram Rana | ५९ |
| १२. | अवैध व्यापार नियन्त्रण : भन्सार प्रशासनलाई चुनौती | शरदकान्त अधिकारी | ६६ |
| १३. | जाँचपास पछिको परीक्षण | लावण्य कुमार ढकाल | ७२ |
| १४. | व्यापार सहजीकरण र नेपालको भन्सार प्रशासन | श्यामप्रसाद दाहाल | ८० |
| १५. | हार्मोनाइज्ड प्रणाली : २००७ संस्करण एक सिंहावलोकन | डिकरदेव भट्ट | ८७ |

| सि.नं. | विषय | लेखक | पेज नं. |
|---|---|---|---|
| १६. | भन्सार प्रशासन, राजस्व चुहावट र अख्तियार | प्रेमप्रसाद पौडेल | ९६ |
| १७. | भन्सार प्रशासनमा जनशक्ति विकासका नयाँ आयामहरू | केवलप्रसाद भण्डारी | १०४ |
| १८. | An Initiatives to Reform TIA Customs | Hari Prasad Pandey | १०९ |
| १९. | राजस्व प्रशासनको प्रभावकारितामा सार्वजनिक सेवा प्रवाहको महत्व | शिशिरकुमार ढुंगाना | ११३ |
| २०. | भारतीय अन्तशुल्क फिर्ता सम्बन्धी व्यवस्था | रामहरि अर्याल | ११६ |
| २१. | भन्सार प्रशासनमा प्रयोगशालाको भूमिका र सुदृढीकरण | राकेश त्रिपाठी | १२६ |
| २२. | भन्सार प्रशासनमा कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रणाली | अच्युतप्रसाद शिवाकोटी | १३० |
| २३. | नेपालमा भन्सार मूल्यांकन र पुनरावलोकन सम्बन्धी व्यवस्था | सेवन्तक पोखरेल | १३४ |
| २४. | भन्सार राजस्व तथा अन्य राजस्वको प्रवृत्ति विश्लेषण तथा अनुमान विधि | डमरू बल्लभ पौडेल | १४३ |
| २५. | आशिकुडाको प्रभावकारी कार्यान्वयन : एक विवेचना | चुडामणी ढुंगाना | १५३ |
| २६. | भन्सार प्रशासनको सुदृढीकरणमा क्रमभंगता अपरिहार्य | हिक्मत भण्डारी | १५८ |
| २७. | सामान्य ग्राह्यता प्रणाली (जि.एस.पी.): एक समीक्षा | ईश्वर प्रसाद कोइराला | १६३ |
| २८. | Department of Customs Action Plan | | १७३ |
| २९. | त्रिवर्षीय योजनाको प्रगति | | १८३ |

# भन्सार स्मारिका




**१३ माघ २०६५**

26th January, 2009

"भन्सार र वातावरण : हाम्रो प्राकृतिक सम्पदाको संरक्षण गरौं"
"Customs and the Environment : Protecting Our Natural Heritage"

**भन्सार विभागको प्रकाशन**

**A Publication of**
**The Department of Customs**
**Nepal**